# जलजला गाउँपालिका
# लामाखेत, पर्वत

जलजला गाउँपालिका

## वार्षिक नीति तथा कार्यक्रम
## आ.व.२०८३/८४

आदरणीय गाउँसभा सदस्यज्यू,
उपस्थित अतिथि, पत्रकार तथा कर्मचारीहरु,

नेपाल राज्य संघीय व्यवस्थामा रुपान्तरित भए सँगै राज्य पुनर्संरचनाद्वारा नेपाल राज्य संघीय व्यवस्थामा रुपान्तरित भए सँगै स्थानीय सरकारको स्वरुप ग्रहण गरे पश्चात भएको ऐतिहाँसिक दोश्रो स्थानीय निर्वाचनबाट निर्वाचित स्थानीय सरकारको चौथो वर्षमा प्रवेश गर्दैछौं ।यो परिबेशमा जलजला गाउँपालिकाको समग्र बिकासका लागि असिमित माग र आवश्यकतालाई सिमित स्रोत साधनबाट परिपूर्ति गर्न गरिएका प्रत्यक्ष वा अप्रत्यक्ष अथक मेहनतका बारेमा लागिपरेको ब्यहोरा सबैमा अवगत नै छ । हाल देशमा उत्पन्न जेन्जी आन्दोलन र उत्पन्न परिस्थिति मार्फत देशले लिएको मोड, अमेरिका-ईरान लडाईबाट भोग्नु परेको चरम महङ्गी, आर्थिक मन्दी र असहज परिस्थिति साथै विविध चुनौतिहरु बीचमा आज मैले जलजला गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष पेश गर्न पाउँदा आफूलाई अत्यन्तै गौरबान्वित महसुस गरेको छु ।

बिभिन्न निहुँमा राज्यलाई निरङ्कुश, सामन्ती र केन्द्रीकृत शासन प्रणालीको अँध्यारो कालखण्डबाट जनता कै प्रतिनिधि मार्फत राज्य संचालन गर्ने लोकतान्त्रिक व्यवस्थाको थप उज्यालो युगमा पुर्‍याउन जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति यो गरिमामय सभामा उच्च सम्मान व्यक्त गर्दै श्रद्धान्जली अर्पण गर्दछु साथै घाईतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

जनकल्पित सुन्दर, समुन्नत र समृद्ध जलजला गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त जलजला गाउँपालिकावासीको अनन्त ईच्छा, आकांक्षा तथा मनोभावनालाई संबोधन गर्ने र जनताको वास्तविक खाँचो र आवश्यकता पुरा गर्ने उद्देश्यका साथ सीमित श्रोत साधन र बिद्यमान जनशक्तिलाई अधिकतम परिचालन तथा व्यवस्थापन गर्दै अगाडि बढिरहेको जलजला गाउँपालिकाका विकासका सबै ढोकाहरुको जग बलियो बन्नेमा म विश्वस्त छु । हामि निर्वाचित भएपछिको यो हाम्रो कार्यकालमा हामीले निर्दिष्ट गरे अनुसारको नीति तथा कार्यक्रम अनुसारको बजेट कार्यान्वयन र सोको प्रतिफल प्राप्तीको अन्तिम चरणमा छ । यि बिषयका कुराको मूल्याङ्कन आदरणीय पालिकावासीहरुले गरिरहनु भएकै छ।

आदरणीय गाउँपालिकावासीको विकासको र समृद्धिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका बाचा अनि प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले अपनाएका प्रजातान्त्रिक बिधि र प्रक्रिय एवं कार्यक्रम आगामी आ.व.हरुका लागि यो नीति तथा कार्यक्रम मार्ग निर्देश साबित हुने कुरामा बिश्वस्त छौं।

दीगो विकासका राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय शिक्षा, स्वास्थ्य, पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी जनताको माग चाहना समावेशी, जलवायु उत्थानशील तथा स्थानीय आर्थिक विकासको माध्यमवाट आर्थिक, सामाजिक रुपान्तरण सहित समृद्ध जलजला गाउँपालिका र सुखी जलजलावासी जनता बनाउने दिगो लक्ष्य हासील गर्न सार्वजनिक क्षेत्र, निजी क्षेत्र र नागरिक समुदायको साझेदारीपूर्ण सम्बन्धको विकास गरिनेछ ।

जलजला गाउँपालिकालाई ब्यवस्थित शहरीकरण तथा भवन तथा वस्ति विकास स्वच्छ, सफा र सुन्दर जलजला गाउँपालिकाको पहिचान कायम राख्ने र धार्मिक सांस्कृतिक पर्यटकिय गन्तव्यको रुपमा स्थापित गर्ने, उत्पादन वृद्धि र सर्बाङ्गिण विकास मार्फत क्षेत्रीय, जातिय, वर्गीय असन्तुलन हटाउने, भूमिहिन सुकुम्वासी तथा अव्यवस्थित वसोवासीहरुको

हालको समस्यालाई वैज्ञानिक व्यवस्थापनको माध्यमवाट समाधान गर्ने, उद्यम बिकास, विपद् ब्यवस्थापन तथा उद्धार राहत र पुनस्थापनाका कार्यक्रम, स्थानीय एबं हम्पाल कालाञ्जर लगायतका क्षेत्रहरुमा राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरको पर्यापर्यटन प्रबर्धन र बिकासलाई यस नीति तथा कार्यक्रममा प्रमुख प्राथमिकताहरुको रुपमा लिइएको छ।

गाउँसभा सदस्य एवं उपस्थित सम्पूर्ण महानुभावहरु,

अव म जलजला गाँउपालिकाको विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु।

## १. सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

### क. शिक्षा

- सामुदायिक विद्यालय शिक्षालाई अभिभावकको चाहना अनुकूलको बनाउन तथा सामुदायिक विद्यालयको विद्यार्थी सङ्ख्या बढाउनको लागि सामुदायिक विद्यालयका प्रधानाध्यापकसँग कार्यसम्पादन करार सम्झौता गरिने छ र शिक्षक र प्रधानाध्यापक बीच कार्यसम्पादन करार सम्झौता गर्न लगाइने छ।
- **"प्रविधिमैत्री शिक्षा, गुणस्तरीय सिकाइ"** कार्यक्रम अन्तर्गत पालिकाभित्रका विद्यालयहरूलाई प्रविधिमैत्री कक्षाकोठामा रूपान्तरण गर्दै स्मार्ट बोर्ड तथा डिजिटल शिक्षण प्रणालीलाई प्रभावकारी बनाइनेछ।शिक्षकको कक्षाकोठामा अनुपस्थितिमा पनि पठनपाठनलाईलाई प्रभाव नपर्ने गरि डिजिटल पठनपाठनलाई निरन्तरता दिईनेछ ।
- **"कक्षा नछुटोस्, सिकाइ नटुटोस्'डिजिटल शिक्षाले भविष्य जोडोस्!"** अभियाना अनुरुप शिक्षकको अनुपस्थितिमा समेत पठनपाठनलाई निरन्तरता प्रदान गर्न आधुनिक डिजिटल शिक्षण प्रविधिको विस्तार र प्रभावकारी उपयोग गरिनेछ।
- **"उत्कृष्ट शैक्षिक गन्तव्य जलजला गाउँपालिका हाम्रो पहिचान"** भन्ने आदर्श लक्ष्य प्राप्तिका लागि सरकारी तथा निजी क्षेत्रका शैक्षिक संस्थाहरुबाट प्रदान गर्ने उच्च शिक्षालाई थप गुणस्तरीय र सर्वसुलभ तुल्याउन त्यस्ता प्राज्ञिक संस्थाहरुसँग सहकार्य र साझेदारी गरिनेछ ।
- अभिभावक शिक्षा कार्यक्रमको माध्यमबाट समुदायिक विद्यालय शिक्षाप्रति अभिभावकको चासो जगाई **हाम्रा विद्यालयः राम्रा विद्यालय** बनाउनका लागि जोड दिइनेछ।
- विषयगत शिक्षक समितिहरूलाई सक्रिय बनाइ दक्ष प्रशिक्षकको माध्यम बाट गुणस्तरी विद्यालाय शिक्षाका लागि विद्यार्थीमैत्री शैक्षिक तालिमको व्यवस्थापन गरी शिक्षालाई संस्कार सीप र प्रविधिमैत्री बनाइने छ र शैक्षिक क्षेत्रमा जलजला मोडेल विकास, व्यवस्थापन तथा कार्यान्वयन गरिनेछ ।
- **"आकाश हेर्दै विज्ञान सिकौं"** अभियान अन्तर्गत निर्माण हुने खगोल केन्द्रमार्फत वातावरणीय अध्ययन, तारामण्डल अवलोकन, विद्यार्थी अनुसन्धान, योग तथा ध्यान कार्यक्रम सञ्चालन गरिनेछ।
- विद्यालय शिक्षालाई सूचना प्रविधिमैत्री तथा व्यवहारिक बनाउन प्रत्येक विद्यालयमा सूचना प्रविधि प्रयोगशाला स्थाप ना, इन्टरनेट पहुँच विस्तार तथा आवश्यक डिजिटल पूर्वाधार विकासका कार्यक्रम सञ्चालन गरिनेछ।
- विद्यालय शिक्षामा बिचैमा विद्यालय तथा कक्षा छोड्ने दर कम गर्न अभिभावकविहीन विद्यार्थीलाई प्रोत्साहन स्वरुप छात्रवृत्तीका कार्यक्रम ल्याइनेछ ।
- घट्दो विद्यार्थी सङ्ख्यालाई मध्येनजर गर्दै विद्यार्थी सङ्ख्या न्यून/ शून्य भएका वा कम भएका विद्यालयहरूलाई लिडर विद्यालयमा व्यवस्थापन गर्ने नीति अगाडि बढाईने छ।
- लिडर विद्यालयमार्फत सहक्रियाकलाप तथा अतिरिक्त क्रियाकलाप एवम् जीवनोपयोगी सीपका कार्यक्रमहरू सञ्चालन गरी हरेक क्षेत्रमा योग्य विद्यार्थी उत्पादनमा जोड दिइनेछ, लिडर विद्यालयहरूका लागि क्षमता विकास कार्यक्रम सञ्चालन गरिने छ।

- सामुदायिक विद्यालयका शिक्षकको विद्यालय आउने जाने समयलाई व्यवस्थित गर्नको लागि गाउँपालिका भित्रका विद्यालयमा विद्युतीय हाजिरी गर्ने व्यवस्था मिलाइने छ ।
- जलजला गाउँपालिकालाई शैक्षिक क्षेत्रको उत्कृष्ट धरोहर बनाउनको लागि तथा गाउँपालिका क्षेत्रको समग्र शिक्षा प्रणालीलाई व्यवस्थित तथा योजनाबद्ध एवम् उद्देश्यमूलक बनाउनका लागि सबै सरोकारवालाको सहयोगमा शिक्षा क्षेत्रका लागि आवधिक गाउँशिक्षा योजना निर्माण गरी कार्यान्वयन गरिने छ।
- विद्यालाय क्षेत्रभन्दा बाहिर रहेका उमेर पुगेका बालबालिका हरुलाई विद्यालयको पहुँचसम्म पुर्याउनका लागि सामुदायिक सिकाइ केन्द्रको माध्यमबाट विद्यालय भर्ना अभियानलाई प्रभावकारी बनाइने छ। बालमैत्री स्थानीय तह घोषणा गर्नाको लागि पुर्वाधार तयार गरिने छ।
- **शिक्षित गाउँपालिका सुसंस्कृत समाज सम्मृद्ध गाउँपालिका निर्माणको आधार** भन्ने नाराका साथ गाउँपालिका भित्रका सम्पूर्ण विद्यालय उमेरका बालबालिका मध्ये अपाङ्गता भएका बालबालिका हरुको लागि विभिन्न प्रकारका स्रोत सामग्री वितरणको व्यवस्था मिलाइने छ।
- अङ्ग्रेजी माध्यमप्रतिको बढ्दो लोकप्रियता र आवश्यकतालाई मध्यनजार गर्दै यस शैक्षिक सत्रदेखि पूर्ण अङ्ग्रेजी माध्यमा शिक्षण गर्ने विद्याललयलाई प्रोत्साहन गरिने छ।अङ्ग्रेजी माध्यममा पठनपाठन सञ्चालन भैरहेका विद्यालयलाई थप प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि आवश्यक तालिम तथा प्रशिक्षणको व्यवस्था मिलाईने छ।
- गाउँपालिका भित्रका शिक्षक तथा विद्यार्थीको विशिष्ठ क्षमता प्रस्तुती तथा प्रर्वद्धनका लागि शिक्षक तथा विद्यार्थि प्रतिभा महोत्वको आयोजना गरिने छ ।
- जलजला गाउँपालिकाको कक्षा १-८ का स्थानीय पाठ्यपुस्तक निर्माण गरी छपाइ तथा वितरण गरी सकिएकोमा, आगामी आ.व. मा पनि कक्षा १-८ सम्म नै स्थानीय पाठ्यपुस्तक **हाम्रो जलजला** छपाइ तथा वितरण कार्यलाई निरन्तरता दिइनेछ ।
- शैक्षिक क्षेत्रको उत्पादनलाई दीगो एवं प्रभावकारी बनाउनको लागि गाउँपालिका भित्र सञ्चालित सम्पूर्ण सामुदायिक बालविकास केन्द्रलाई **रमाउदै सिक्दै कार्यक्रमका** अन्तर्गत स्मार्ट टेलिभिजन वितरण गर्ने व्यवस्था मिलाइने छ ।
- विद्यार्थी मूल्याङ्कन तथा अभिलेखीकरण प्रक्रियालाई प्रभावकारी तथा भरपर्दो बनाउनको लागि विद्यार्थी मूल्याङ्कन अभिलेखीकरण पुस्तिका वितरण कार्यलाई निरन्तरता दिइने छ।
- **स्वस्थ, सक्षम तथा हराभरा विद्यालयका** लागि विद्यालयमा फूलबारी कार्यक्रम लागू गरिने छ।
- विद्यालय दिवा खाजा कार्यक्रमलाई प्रभावकारी बनाउनको लागि गाउँपालिका बाट आवश्यक वजेटको व्यवस्थापन गरिने छ।
- विद्यालयमा छात्राको उपस्थितिलाई नियमित गराउनको लागि स्यानीटरी प्याड वितरण कार्यलाई सामयिक तथा प्रभावकारी बनाइने छ।
- वडा शिक्षा समिति गठन गरी शैक्षिक योजना प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ।
- विद्यालयको आवश्यकता पहिचान गरी भौतिक पूर्वाधार, पुस्तकालय तथा विज्ञान प्रयोगशाला अनुदान व्यवस्थापन गरिने छ।

- आधारभूत शिक्षा पूरा नगरी विद्यालय शिक्षाबाट बञ्चित बालबालिकालाई जीवनोपयोगी शिक्षालाई जोड दिइनेछ ।
- विद्यालय शिक्षालाई रचनात्मक, सिर्जनात्मक र व्यावहारिक बनाउन **बुक फ्रिडे** कक्षा सञ्चालन गर्न विद्यालयलाई प्रोत्साहन गरिनेछ ।
- उच्च शिक्षा अध्ययनमा दलित वर्गको पहुँचलाई वृद्धि गर्न **दलित विद्यार्थी स्नातक कार्यक्रम** सञ्चालनमा ल्याइनेछ ।

## ख. संस्कृति सम्बन्धी नीति तथा कार्यक्रम

- **"धार्मिक सम्पदाको संरक्षण, पर्यटन विकासको सुदृढ आधार"** भन्ने नारालाई मार्गदर्शनका रूपमा लिँदै मल्लाजको कोतघर, धाइरिङ भूमेथान, गण्डकी गोपाल गौशाला, राममन्दिर, मल्लाज शिवालय गुफा, पूर्णगाउँ वराहताल, गिट्टेश्वर मन्दिर, नाग्लिवाङ शिवालय मन्दिर तथा बनौको बौद्ध गुम्बा लगायतका धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक महत्वका स्थलहरूको संरक्षण, विकास, प्रचारप्रसार तथा पर्यटन प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिनेछन्।
- **"सम्पदा संरक्षण आजको कर्तव्य, भोलिको पहिचान र गौरव"** भन्ने उद्देश्यका साथ ऐतिहासिक पाटीपौवा—, कुवा, पोखरी, पानीघाट, शवदाहघाट लगायतका सांस्कृतिक तथा पुरातात्त्विक महत्वका सम्पदाहरूको संरक्षण, पुनर्निर्माण, सौन्दर्यीकरण तथा दिगो व्यवस्थापन गरिनेछ।
- गाउँपालिकाभित्र आयोजना हुने महोत्सव तथा सांस्कृतिक कार्यक्रमहरूमा विभिन्न जातीय समुदायका भेषभूषा, कला, साहित्य, संगीत, नृत्य तथा सांस्कृतिक झाँकीहरूको प्रदर्शनमार्फत सांस्कृतिक विविधताको संरक्षण र प्रवर्द्धन गरिनेछ।
- **"मगर संस्कृतिको संरक्षण, पहिचानको संवर्द्धन"** कार्यक्रम अन्तर्गत मगर समुदायको मौलिक संस्कृति संरक्षण तथा प्रवर्द्धनका लागि एकदिने विशेष सोरठी महोत्सव आयोजना गरिनेछ।
- **"विविधतामा एकता, संस्कृतिमा समृद्धि"** कार्यक्रम अन्तर्गत गाउँपालिकाभित्र रहेका विभिन्न जातजाति, भाषा, धर्म तथा संस्कृतिको संरक्षण, संवर्द्धन र प्रवर्द्धनका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।

## ख. युवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रमः

- खेलकुद विकासको अवधारणाअनुसार गाउँपालिका क्षेत्रमा खेलकुदको विकास र प्रवर्द्धनका लागि विभिन्न निकायहरूसँग समन्वय तथा सहकार्य गरी खेलकुद कार्यक्रम सञ्चालन गरिनेछ।
- **"खेलकुद विकासमार्फत स्वस्थ र सक्षम युवा निर्माण"** अभियान अन्तर्गत निर्माण सम्पन्न शालिजा इन्डोर हल सञ्चालन गरी प्रदेश, जिल्ला तथा पालिका स्तरीय बृहत् खेलकुद प्रतियोगिता, प्रशिक्षण तथा खेल प्रतिभा विकास कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- **"स्वस्थ युवा, समृद्ध जलजला"** कार्यक्रम अन्तर्गत पालिका स्तरीय खेलकुद समितिलाई पूर्ण रूपमा सक्रिय बनाउँदै खेलकुद गतिविधिलाई व्यवस्थित र प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।
- युवा उद्यमशीलतालाई प्राथमिकता दिँदै युवाहरूमा "विदेश होइन, व्यवसाय "भन्ने भावना जागृत गराई स्वरोजगार तथा उद्यमशीलतामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

- सीप र रोजगारीलाई जोड दिँदै युवा बेरोजगारी न्यूनीकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रसँगको साझेदारीमा सीप तथा उद्यमशीलता विकासका कार्यक्रम सञ्चालन गरिनेछ।
- सीपयुक्त युवानिर्माण गर्ने उद्देश्यका साथ विपन्न, गरिब तथा सुकुम्बासी परिवारका युवा— युवतीहरूलाई इलेक्ट्रोनिक्स मर्मत, प्लम्बिङ, इलेक्ट्रिसियन, ब्युटी पार्लर, होटल व्यवस्थापन, व्यावसायिक पशुपालन तथा तरकारी खेतीसम्बन्धी तालिम प्रदान गरी जीविकोपार्जनमा सहजीकरण गरिनेछ।
- खेलकुद गौरव को भावनाअनुरूप जलजला गाउँपालिकाका गौरवका रूपमा रहेका खेलकुद प्रतियोगिताहरूको आयोजना तथा व्यवस्थापनमा आवश्यक सहकार्य र साझेदारी गरिनेछ।
- दुर्व्यसनमुक्त युवा अभियानअन्तर्गत विभिन्न किसिमका दुर्व्यसनमा परेका युवाहरूलाई निरोधात्मक, प्रवर्द्धनात्मक तथा उपचारात्मक कार्यक्रममार्फत समाजमा पुनर्स्थापना गरिनेछ।
- युवा सहभागितालाई सुदृढ बनाउन "**युवासँग अध्यक्ष**" कार्यक्रम सञ्चालन गरी युवा क्षमता विकास, समन्वय तथा सहकार्य अभिवृद्धिका लागि खेलकुद सञ्जाल स्थापना गरिनेछ तथा खेलकुद कार्यक्रमहरू सञ्चालन गरिनेछन्।
- स्वदेशी उद्यमप्रवर्द्धन गर्ने उद्देश्यले वैदेशिक रोजगारबाट फर्केका युवाहरूले आर्जन गरेको ज्ञान, सीप र अनुभवलाई स्थानीय आर्थिक विकास योजनाअन्तर्गतका नवप्रवर्तनशील तथा प्रोत्साहनमुखी कार्यक्रमहरूसँग आबद्ध गरी स्वरोजगार तथा उद्यमशीलता विकासमा उपयोग गरिनेछ।
- आत्मनिर्भर युवानिर्माणका लागि युवा उद्यमशीलता विकास कार्यक्रमहरूलाई प्रभावकारी रूपमा सञ्चालन गर्दै उत्पादन, रोजगारी र स्थानीय आर्थिक समृद्धिमा युवाको योगदान अभिवृद्धि गरिनेछ।

## ग. लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम

- समानुपतिक, समावेशी र सहभागितामूलक सिद्वान्तका आधारमा सबै प्रकारको विभेदको अन्त्य गर्दै समतामूलक जलजलाको निर्माण र सामाजिक न्याय सुनिश्चित गर्न लैङ्गिक समानता र सामाजिक समाबेशीकरणको निती अबलम्बन गरिनेछ ।
- एकल महिला, सामाजिक तथा आर्थिक रुपले पछाडी परेका महिला, उद्धमी, महिला तथा हिंसा पिडित महिलाहरुको जीवनयापन सहज बनाउन विभिन्न सचेतनामूलक एवम् क्षमता विकासका कार्यक्रमहरु तथा सीपमूलक कार्यक्रमहरु मार्फत आय-आर्जनमा जोडी आत्मनिर्भर बनाईनेछ । सुत्केरी महिलासंग उपाध्यक्ष कार्यक्रमलाई निरन्तरता दिईनेछ ।अध्ययन अवलोकन मार्फत असल अभ्यास आदान प्रदान गर्नको लागि व्यवस्था मिलाइनेछ।व्यवसायी महिलाहरुलाइ प्रोत्साहन गर्ने निती लिइनेछ।
- बालबालिकासंग सम्बन्धित बाल संरक्षण प्रणालीको लागि विषयगत समिति र सरोकारवालाहरुलाइ सक्रिय बनाइनेछ।
- नीती निर्माण र निर्णय प्रक्रियामा बालबालिका, अभिभावक र बालबालिकासंग सरोकार तथा अतिरिक्त सूचकहरु पूरा गर्नको लागी आवश्यक कार्यक्रमहरु कार्यान्वयन गर्ने निति लिईनेछ ।

- अपाङ्गता भएका व्यक्ति विरुध्द हुने भेदभाव अन्त्य गरी उनिहरुको नागरिक, राजनितिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको सम्मान गर्न तथा अपाङ्गता भएका ब्यक्तिलाई सशक्तिकरण गरी विकास प्रक्रियामा सहभागी गराई स्वावलम्बी र सम्मानजनक जीवनयापनको वातावरण सुनिश्चित गर्ने निती लिईनेछ, जसका लागी उनीहरुलाई सीप विकासको माध्यमबाट आत्मनिर्भर बनाउने कार्यक्रमहरु साथै कठिन अवस्थाका अपांगता भएका व्यक्तिहरुलाइ आवश्यक जिविकोपार्जन सग जोडिने सहायताका कार्यकम संचालन गरिनेछ ।कार्यालय सम्म आउन कठिनाइ हुने अपांगता व्यक्तिहरुलाइ घर दैलो बाट नै सेवा दिने कार्यक्रमलाइ निरन्तरता दिइनेछ।
- जेष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्ने, निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरुप्रति श्रध्दा, आदर र सद्भावको अभिवृद्धि गर्न तथा जेष्ठ नागरिकहरुको लागी आत्मसम्मान हुने खालका आवश्यक कार्यक्रमहरु कार्यान्वयन गरिनेछ साथै जेष्ठ नागरिकहरुको लागि सहायता सामाग्रीहरुको व्यवस्थापन र निःशुल्क स्वास्थ्य परिक्षणको व्यवस्था मिलाईने छ ।
- दलित, जनजाति, मुश्लिम,अल्पसंख्यक लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक तथा पिछडा वर्गहरुको समुचित उत्थान गर्न संस्कृती र कलाको जगेर्ना गर्न र निजहरुको जीवनयापन उकास्नका लागी क्षमता अभिवृध्दि गर्ने विभिन्न आयमूलक तथा सचेतनामूलक कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।
- समाजमा रहेको छुवाछुत, जातीय भेदभाव, बालबिबाह, बहुबिबाह लगायतका सबै प्रकारका कुरिती, कुसंस्कारको अन्त्य गर्न विशेष सचेतनामूलक कार्यक्रमहरु, अन्तर्क्रिया तथा क्षमता अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।दलित विध्यार्थीको शैक्षिक सुधारका लागि आवश्यक सहायता छात्रवृत्ति प्रदानलाइ निरन्तरता दिइनेछ ।
- समूह, बिभिन्न समिति, र संस्था मार्फत कार्यक्रम कार्यान्वयन गर्दा समावेशिताको नितीलाई जोड दिईनेछ ।

घ. **स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम**

- १० शैयाको पालिका अस्पताल सञ्चालन, स्वास्थ्य चौकीहरूको स्तरोन्नति, ल्याब सेवा विस्तार तथा आवश्यक औषधि र स्वास्थ्य सामग्रीको नियमित उपलब्धता सुनिश्चित गरिनेछ।
- सुरक्षित मातृत्व, संस्थागत सुत्केरी, बर्थिङ सेन्टर स्तरोन्नति तथा परिवार योजना सेवाहरूलाई थप प्रभावकारी बनाइनेछ।
- **"पोषणयुक्त खाना, स्वस्थ सबैजना"** अभियानमार्फत पोषण शिविर सञ्चालन गरी कुपोषण न्यूनीकरण तथा अर्गानिक खेती प्रवर्द्धन गरिनेछ।
- जेष्ठ नागरिकको घरदैलो स्वास्थ्य परीक्षण, **WHO ICOPE** विधिबाट स्वास्थ्य मूल्यांकन तथा विपन्न नागरिकका लागि एम्बुलेन्स सेवाको व्यवस्था गरिनेछ।
- स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि, अनलाइन प्रतिवेदन प्रणाली, नियमित समीक्षा, अनुगमन तथा स्वास्थ्य सेवाको गुणस्तर सुधार कार्यक्रमलाई संस्थागत गरिनेछ।

- **"स्वस्थ नागरिक, सक्रिय जीवनशैली"** अभियान अन्तर्गत निर्माण हुने कबर्डहल तथा खेलकुद मैदान परिसरमा आधुनिक आउटडोर जिमको व्यवस्था गरिनेछ ।
- **"विशेषज्ञ सेवा गाउँमै, स्वस्थ जीवन घरदैलोमै"** अभियान अन्तर्गत नागरिकको आवश्यकता र मागका आधारमा विशेषज्ञ स्वास्थ्य सेवा गाउँमै उपलब्ध गराइनेछ तथा विभिन्न स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।
- विद्यालय केन्द्रित स्वास्थ्य शिक्षा, मानसिक स्वास्थ्य परामर्श, आत्महत्या न्यूनीकरण कार्यक्रम तथा धुम्रपान, मद्यपान र सुर्तीजन्य पदार्थ नियन्त्रणमा जोड दिइनेछ।
- क्यान्सर, मिर्गौला, स्पाइनल इन्जुरी लगायतका जटिल रोगीलाई मासिक आर्थिक सहायता तथा औषधि उपचार खर्च उपलब्ध गराइनेछ।
- **CBIMNCI** कार्यक्रम तथा किशोरकिशोरी स्वास्थ्य, प्रजनन स्वास्थ्य र सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछन्।
- **पूर्णखोप सुरक्षीत भविषय** अभियान अनर्गत स्थानीय श्रोतको उपभोग स्वामित्व र सहभागितामा पूर्णखोप सुनिश्चितता तथा दिगोपना कायम गरिनेछ ।

## २. आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

### क. कृषि तथा पशुपंक्षी तथा सहकारीः

- **"सम्मानित कृषक, समृद्ध कृषि"** कार्यक्रम अन्तर्गत कृषकहरूको क्षमता विकासका लागि कृषि मेला, प्रदर्शनी, कृषि भ्रमण, उत्कृष्ट कृषक सम्मान तथा कृषि महोत्सव कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- **"प्राविधिक पहुँच गाउँमै, कृषि विकास घरघरमै"** कार्यक्रम अन्तर्गत कृषकहरूलाई कृषि तथा फलफूल विकास सम्बन्धी प्राविधिक सेवाको सहज पहुँच सुनिश्चित गरिनेछ।
- चालु आ.वमा शित भण्डार गृह निर्माणको काम सम्पन्न गरिएको छ। उत्पादित आलु सुन्तला, किवी, ताजा तरकारी लगायतका मुख्य कृषि उपज भण्डारण गर्ने व्यवस्था मिलाईनेछ ।
- **"फलफूल उत्पादन बढाऔं, आयआर्जनमा छलाङ मारौं"** कार्यक्रम अन्तर्गत फलफूल उत्पादन प्रोत्साहन कार्यक्रम सञ्चालन गरी विशेष आर्थिक प्याकेजमार्फत कृषकलाई प्रोत्साहन गरिनेछ।
- **"बाँझो जमिन हराभरा, कृषक जीवन उज्यालो"** अभियान अन्तर्गत कृषकलाई रोपनीका आधारमा अनुदान प्रदान गरिनेछ।
- **'बाँझो जमिन होइन, उत्पादनशील भविष्य हाम्रो अभियान'** अन्तर्गत बाँदर लगायत बालीमा क्षति पुर्‍याउने जङ्गली जनावर नियन्त्रण तथा व्यवस्थापनका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।
- **'बासखँर्कको सुन्तला : जलजलाको पहिचान, समृद्धिको अभियान'** अन्तर्गत सुन्तला उत्पादन, ब्रान्डिङ तथा सिँचाइ विस्तार कार्यक्रम सञ्चालन गरिनेछ।
- राष्ट्रिय फल सुन्तला बिशेष कार्यक्रम सञ्चालनमा ल्याइने छ। केरा खेति प्रवर्धनका लागि केरा पकेट स्थापना गरिने छ ।
- **"यान्त्रिकीकरणदेखि बजारीकरणसम्म, कृषक समृद्धिको आधार"** अभियान अन्तर्गत कृषि उत्पादनको लागत न्यूनीकरण, उत्पादकत्व वृद्धि तथा कृषकको आय अभिवृद्धिका लागि कृषि यान्त्रीकरणलाई

प्रोत्साहन गरिनेछ। साथै स्थानीय कृषि उपजको प्रभावकारी बजारीकरणका लागि संकलन, ब्रान्डिङ, मूल्य श्रृङ्खला विकास तथा बजार पहुँच विस्तार गरी कृषकको उत्पादनलाई सहज रूपमा बजारसम्म पुऱ्याउने व्यवस्था मिलाइनेछ।

- कृषि तथा पशपुन्क्षी विकास सम्बन्धी सेवाको पहुँच विस्तार गरिनेछ। कृषि व्यवसाय गर्न चाहने कृषकलाई बीउ बिजन, कृषि औजार, प्रविधि र तालिम दिइनेछ।
- कृषि बालिवस्तुमा लाग्ने रोग किरा नियन्त्रण गर्न आकास्मिक बालि संरक्षण कार्यक्रमको ब्यवस्था मिलाइनेछ।
- आलुखेतिको उन्नत विउ उत्पादन गर्ने नीतिलाइ निरन्तरता दिइनेछ। कृषकलाइ आलुको विउमा अनुदान उपलव्ध गराइनेछ ।
- कृषि प्राविधिक कृषकको खेत बारीमा पुगि माटो परिक्षण गर्ने ब्यवस्था मिलाइनेछ।
- सहकारी,समुह, समिति र व्यवसायिक फार्म संचालक कृषकहरुलाई अनदानु तथा यान्त्रिकरणका कार्यक्रम मार्फत प्रोत्साहन गरिनेछ ।
- सहकारी संस्थाको नियमित अनुगमन र नियमन गरी संस्थागत सुशासन कायम गरिनेछ। सहकारी संस्थाको क्षमता अभिबृद्धि तालिम संचालन गरिनेछ।
- सहकारीहरुको माध्यमबाट उत्पादनशिल क्रियाकलापमा संलग्न नागरिकहरुको पूँजि संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर श्रृजना गरी गरिबी न्यूनिकरण गर्ने योजनालाई निरन्तरता दिइनेछ। ।
- उच्च मुल्यका फलफुल तरकारी, तरकारी वीउको पकेट क्षेत्रहरु पहिचान गरी एक वडा एक उत्पादन कार्यक्रम समेतका आधारमा सघन कृषि क्षेत्र निर्धारण गरी ती स्थानहरुमा ब्यावसायिक कृषि कार्यक्रम संचालन गरिनेछ।
- बगर क्षेत्रमा खेति गर्न सकिने बालि (तरभुजा) को लागि बगर खेति कार्यक्रम संचालनमा ल्याईनेछ।
- कृषि उपजको आयात प्रतिस्थापनको नीति लिई कृषि तथा पशुपालनलाई आधुनिक प्रविधिमा आधारित तुल्याउदै व्यवसायीकरण गरिनेछ।
- जलजला गाउँपालिका भित्रका सुचिकरण भएका कृषक परिवारलाइ परिचय पत्र प्रदान गर्ने ब्यवस्था मिलाइनेछ।

**ख. पशु सेवाः**

- गाउँपालिकालाई दुध, मासु र अण्डामा आत्मनिर्भर बनाउँदै निर्याततर्फ उन्मुख हुने नीति अवलम्बन गरिनेछ। समुह तथा सहकारीमार्फत दुध संकलन र बजारीकरण गर्ने कृषकहरूलाई आवश्यक अनुदान प्रदान गरिनेछ।
- गाउँपालिकाको दुर्गम बस्तीहरूका घर—घरमा पशु स्वास्थ्य उपचार सेवा पुऱ्याउन "एक वडा एक प्राविधिक" कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

- पशुपंक्षीका रोगहरूको समयमै निदान र नियन्त्रणका लागि आवश्यक औषधि, खोप कार्यक्रम तथा गाँउपालिकामै बेसिक ल्याब सेवा विस्तार गरिनेछ। महामारीजन्य रोगहरू नियन्त्रण गर्न आवश्यक पूर्वतयारीसहित खोपको व्यवस्था गरिनेछ।
- एक स्वास्थ्य अवधारणाअनुसार मानव, पशु तथा वातावरणीय स्वास्थ्यबीचको अन्तरसम्बन्धलाई ध्यानमा राखी रेबिज जस्ता जुनोटिक रोग नियन्त्रण कार्यक्रम सञ्चालन गरिनेछ।
- पशुपंक्षी क्षति न्यूनीकरणका लागि पशुधन विमा कार्यक्रम सञ्चालन गरिनेछ। साथै, कृषकहरूलाई विमा सम्बन्धी अभिमुखीकरण र प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- स्थानीय जातका पशुपन्छीहरूको संरक्षण, संवर्द्धन तथा आनुवंशिक सुधार कार्यक्रम सञ्चालन गर्न स्थानीय गाईगोरु पाल्ने कृषकहरूलाई प्रोत्साहनस्वरूप अनुदानका कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- निःशुल्क कृत्रिम गर्भाधान मार्फत पशुहरुको नश्ल सुधार गरी दुध तथा मासु उत्पादनमा वृद्धिलाइ प्रोत्साहन गरिनेछ।
- चरन क्षेत्र, घाँसेबाली तथा पशु आहार व्यवस्थापनलाई प्रवर्द्धन गरी उत्पादन लागत न्यूनीकरण गर्ने नीति अवलम्बन गरिनेछ।
- पशुपन्छी क्षेत्रमा सूचना प्रविधिमा आधारित अभिलेखीकरण, सेवा प्रवाह तथा तथ्याङ्क व्यवस्थापन प्रणाली विकास गरिनेछ।
- पशुजन्य उत्पादनको संकलन, प्रशोधन, भण्डारण तथा बजारीकरणका लागि निजी क्षेत्र, सहकारी तथा कृषक समूहसँगको सहकार्यलाइ निरन्तरता दिइनेछ।

**ग. व्यवसाय प्रबर्द्धनः**

- जलजला गाउँपालिका क्षेत्र भित्र संचालनमा रहेका विभिन्न प्रकृतिका फर्म/पसल/उद्योग व्यापार/व्यवसाय कारोबार लगायतका व्यावसायीक तथा आर्थिक क्रियाकलापहरुको स्थलगत अनुगमन तथा निरिक्षण गरी तथ्यांक अध्यावधिक गरिनेछ ।
- **"करको दायरा"** र **"औपचारिक अर्थतन्त्र"** को लक्ष्यअनुरूप व्यवसाय दर्ता, सूचीकृत, नवीकरण तथा कानुनले तोकेका अन्य मापदण्डहरू पूरा गरेका व्यवसायलाई मात्र सञ्चालन गर्न प्रोत्साहन गरिनेछ। साथै अवैध तथा दर्ताविहीन व्यवसायलाई कानुनी प्रक्रियामा ल्याई राजस्वको दायरा विस्तार गरिनेछ।
- गुणस्तरिय वस्तु तथा सेवा प्राप्त गर्न पाउनु पर्ने आम उपभोक्ताको संवैधानिक तथा कानूनी हक अधिकारको संरक्षण संवर्द्धन तथा जनचेतना अभिवृद्धी गर्नको लागि नियमित रुपमा बजार अनुगमन तथा नियमन कार्यलाई अगाडी बढाईनेछ ।

- **"पारदर्शी कारोबार"** भन्ने उद्देश्यका साथ व्यवसायीहरूमा कर सचेतना, कानुनी दायित्व तथा व्यवसायिक उत्तरदायित्व सम्बन्धी जनचेतना अभिवृद्धि गरिनेछ, जसबाट स्वस्थ व्यवसायिक वातावरण निर्माण गरी स्थानीय अर्थतन्त्रलाई सुदृढ बनाउन सहयोग पुग्नेछ।

**घ. राजश्वः**

- राजश्व संकलन तथा ब्यबस्थापनलाई प्रभाबकारी बनाउन पालिकालाको सवै वडाहरुमा घुम्ति शिविर मार्फत राजश्व संकलनको ब्यबस्था मिलाईनेछ।
- गाउँकार्यपालिकाको कार्यालयबाट हुने सबै भुक्तानीलाई बिधुतिय प्रणाली **(EFT)** मार्फत भुक्तानी हुने कार्यलाई निरन्तरता दिईनेछ। स्थानीय संचित कोष ब्यबस्थापन प्रणाली **(SUTRA)** मार्फत मालपोत/भुमिकर संकलनको कार्य सवै वडा स्तरबाट संचालन गर्नको लागी ब्यबस्था मिलाईनेछ।
- पालिकाको आम्दानीको प्रमुख स्रोतको रुपमा रहेको घर जग्गा बहाल करलाई ब्यबस्थित गरी घर जग्गा भाडामा लगाउने सम्पुर्ण घर जग्गा धनीलाई करको दायरामा ल्याईनेछ।
- पालिकाभित्र रहेका करका सम्भावित क्षेत्रहरु (पालिकाभित्र चल्ने जीप,अटोरिक्सा,ट्याक्सी लगायत अन्य) को पहिचान गरी करदाता र पालिकासंगको समन्वयमा करको दायरामा ल्याईनेछ।
- पालिकाभित्र मुख्य आम्दानीको स्रोतमा रहेको ढुङ्गा,गिटी,वालुवा दहत्तर,बहत्तरलाई प्रचलित कानूनको अधिनमा रही ब्यबस्थित तथा प्रभाकारी रुपमा कार्यान्वयन गरिनेछ।
- साविकमा आन्तरिक राजश्व कार्यालयले गर्दै आएको उद्मी ब्यबसायीहरुको करचुक्ता प्रमाण पत्र दिने कार्य लाई पालिकाबाट प्रदान गर्नको लागी आबश्यक प्रक्रिया अगाडी बढाईनेछ।
- उद्योग बाणिज्य संघ बारीबेनी शाखासंगको सहकार्यमा करदाताहरुलाई समाज तथा राज्यप्रति जिम्मेवारी तथा जबाफदेहि बनाउन करदाता संगको अन्तरक्रिया कार्यक्रम तथा करदाता सम्मान कार्यक्रम अगाडी बढाईनेछ।

**ङ. पर्यटनः**

- **"समृद्ध जलजला, आकर्षक पर्यटन गन्तव्य "**अभियान सञ्चालन गरी जलजला गाउँपालिकाको पर्यटन ब्राण्डिङ तथा पहिचान अभिवृद्धि गरिनेछ।
- हम्पाल-कालाञ्जर, पूर्णगाउँ पोखरी, धार्मिक स्थल, ऐतिहासिक सम्पदा, प्राकृतिक दृश्यावलोकन क्षेत्र तथा अन्य पर्यटकीय गन्तव्यहरूको संरक्षण, विकास र प्रवर्द्धन गरिनेछ ।
- "सिमसार संरक्षणसँगै पर्यटन प्रवर्द्धन" कार्यक्रम अन्तर्गत जलजलास्थित सिमसार क्षेत्रमा ताल ६— निर्माण गरी पर्यावरण संरक्षण र पर्यटन विकासलाई एकसाथ अगाडिबढाइनेछ।
- गाउँपालिकाका पर्यटकीय गन्तव्यहरूको प्रचारप्रसारका लागि डिजिटल माध्यम, सूचना सामग्री, वृत्तचित्र, वेबसाइट तथा सामाजिक सञ्जालको प्रभावकारी उपयोग गरिनेछ।
- छिमेकी स्थानीय तह, प्रदेश सरकार तथा सम्बन्धित निकायहरूसँग समन्वय गरी एकीकृत पर्यटन सर्किट निर्माण तथा प्रवर्द्धन गरिनेछ।

- गाउँपालिकाभित्रका प्रमुख पर्यटकीय क्षेत्रहरूको अभिलेखीकरण, नक्साङ्कन तथा पर्यटन सूचना व्यवस्थापन प्रणाली विकास गरिनेछ।
- **"गौशाला : शिक्षा, सेवा र साधनाको केन्द्र"** अभियान अन्तर्गत गण्डकी गोपाल गौशालामा विद्यार्थीहरूको सहभागितामा योग, ध्यान, साधना तथा प्राकृतिक उपचार सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।
- **"एक वडा, एक गन्तव्य; जोडिँदै जलजला इको ट्रेल"** कार्यक्रम अन्तर्गत वडा नं. १ देखि ९ सम्म जोड्ने जलजला इको ट्रेल निर्माण गरी भविष्यमा अन्नपूर्ण सर्किट ट्रेलसँग जोड्ने पहल गरिनेछ।
- **"ध्यान, योग र अध्यात्मको केन्द्र : कालाञ्जर"** कार्यक्रम अन्तर्गत जलजला-६ हम्पाल कालाञ्जरमा ध्यान तथा मेडिटेसन केन्द्र स्थापना गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहभागितासहित योग, ध्यान तथा साधना शिविर सञ्चालन गरिनेछ।

## ३. वन, वातावारण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम

- **"पूर्वतयारी नै सुरक्षा"** भन्ने मूल मन्त्रलाई आत्मसात गर्दै विपद्जन्य घटनाबाट हुन सक्ने क्षति न्यूनीकरण तथा प्रभावकारी व्यवस्थापनका लागि पालिकास्तरीय विपद् तथा मनसुन पूर्वतयारी एवं प्रतिकार्य योजनालाई समयानुकूल परिमार्जन गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।
- **"तत्पर उद्धार, सुरक्षित नागरिक"** भन्ने अवधारणाअनुसार मनसुनजन्य तथा अन्य विपद्का समयमा आवश्यक पर्ने खोज, उद्धार, राहत तथा आपतकालीन सामग्रीहरूको पूर्व व्यवस्थापन गरी प्रभावित नागरिकलाई शीघ्र र प्रभावकारी सेवा उपलब्ध गराइनेछ।
- सबै वडाहरूमा वडा स्तरीय विपद् व्यवस्थापन समिति तथा युवा क्लब गठन एवं सशक्तीकरण गरिनेछ। विपद् पूर्वतयारी, स्वयंसेवा, खोज तथा उद्धार, सामाजिक सचेतना र सामुदायिक परिचालनका कार्यमा उनीहरूको सक्रिय सहभागिता सुनिश्चित गरिनेछ।
- पहिरो, नदी तथा खोल्साको संरक्षण, जोखिमयुक्त क्षेत्रको पहिचान तथा समुदायमा आधारित विपद् जोखिम न्यूनीकरणका कार्यक्रमहरू सञ्चालन गरिनेछन्।
- **"सुरक्षित जलजला, सजग समुदाय"** अभियान अन्तर्गत विपद् व्यवस्थापनलाई थप प्रभावकारी बनाउन नगर प्रहरीलाई विशेष रूपमा परिचालन गरिनेछ। साथै विपद् सम्बन्धी सूचना तथा उद्धार कार्यलाई छिटो, सहज र प्रभावकारी बनाउन गाउँपालिकाद्वारा सञ्चालित टोल-फ्री नम्बरलाई थप प्रभावकारी बनाईनेछ ।
- **"सचेत नागरिक, सुरक्षित भविष्य"** को अवधारणाअनुसार विद्यालय, समुदाय तथा सरोकारवाला निकायहरूसँगको सहकार्यमा विपद् जोखिम न्यूनीकरणसम्बन्धी जनचेतनामूलक कार्यक्रम, कृत्रिम अभ्यास **(Mock Drill)** तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

## ४. भौतिक पूर्वाधार विकासः

- **"पूर्वाधार विकास, समृद्धिको आधार"** भन्ने लक्ष्यसहित सडक, सिँचाइ, खानेपानी, विद्युत, गोरेटो बाटो, पर्यटन तथा अन्य भौतिक पूर्वाधारहरूको निर्माण, स्तरोन्नति तथा मर्मत सम्भारलाई प्राथमिकता दिई उत्पादन, रोजगारी र आर्थिक गतिविधि विस्तारमा टेवा पुग्ने विकास कार्यक्रमहरू सञ्चालन गरिनेछन्।

- **"गुणस्तरीय सडक, सहज आवागमन"** को अवधारणाअनुसार गाउँपालिका भित्रका मुख्य सडकहरूको स्तरोन्नति, नियमित मर्मत तथा सुरक्षित यातायात पूर्वाधार विकासका कार्यक्रमहरू चरणबद्ध रूपमा कार्यान्वयन गरिनेछन्।
- **"साझेदारीमा समृद्धि"** भन्ने अवधारणाअनुसार सङ्घीय तथा प्रदेश सरकारसँगको सहकार्य र साझेदारीमा हम्पालमा नवप्रवर्तन केन्द्र, मिलनचोकमा कर्वडहल तथा अन्य आयोजनाहरूको निर्माण कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ।
- खानेपानी सुविधा नपुगेका बस्ती तथा समुदायमा सुरक्षित र भरपर्दो खानेपानी सेवा विस्तार गर्न आवश्यक बजेट तथा स्रोतसाधनको व्यवस्थापन गरिनेछ।
- विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्दा **बालमैत्री तथा अपाङ्गतामैत्री** संरचना निर्माण गरिनेछ।
- **"दिगो पूर्वाधार, समृद्ध भविष्य"** कार्यक्रम अन्तर्गत महत्वपूर्ण आयोजना तथा अत्यावश्यक पूर्वाधार निर्माण कार्यलाई बहुवर्षीय योजनामार्फत कार्यान्वयन गरी दिगो विकासको आधार तयार गरिनेछ।
- **"पूर्वाधार निर्माणदेखि समृद्धिको यात्रासम्म"** कार्यक्रम अन्तर्गत पछिल्ला वर्षहरूमा निर्माण सम्पन्न भएका तथा निर्माणाधीन गाउँपालिका भवन, स्वास्थ्य चौकी, खेलकुद भवन, चिस्यान केन्द्र, वडा कार्यालय, सडक, सिँचाइ योजना, आमा समूह भवन, विपद् संरचना, पर्यटन तथा धार्मिक पूर्वाधार, डिजिटल विद्यालय र घाटहरू क्रमशः उद्घाटन गर्दै आगामी आर्थिक वर्षलाई **"जलजला उद्घाटन तथा उत्सव वर्ष"** का रूपमा विशेष रूपमा मनाइनेछ।
- **"सबैका लागि पहुँचयुक्त, बालमैत्री र समावेशी पूर्वाधार"** कार्यक्रम अन्तर्गत निर्माणाधीन गाउँपालिका भवनलाई अपाङ्गमैत्री, बालमैत्री तथा सेवाग्राहीमैत्री बनाइनेछ।
- **"घाट सफा, हरियाली दिगो"** अभियान अन्तर्गत निर्माणाधीन घाटहरू सम्पन्न गरी फूल तथा वृक्षरोपणमार्फत आकर्षक र हराभरा वातावरण निर्माण गरिनेछ।

## ५. सार्वजनिक सेवा प्रवाह तथा सुशासन,गाउँपालिका सचिवालय, न्यायिक समिति, उद्यम तथा रोजगार/सुरक्षीत आप्रवास कार्यक्रमः

### क. सार्वजनिक सेवा प्रवाह तथा सुशासनः

- **"गर्भदेखि श्रद्धाञ्जलीसम्म, नागरिकसँग पालिकाको साथ"** कार्यक्रम अन्तर्गत गर्भावस्था, सुरक्षित मातृत्व, निःशुल्क एम्बुलेन्स सेवा तथा मृत्युपश्चात श्रद्धाञ्जली फ्रेमसहित प्रदान गरिँदै आएको आर्थिक सहयोग कार्यक्रमलाई थप प्रभावकारी र नागरिकमैत्री बनाइनेछ।
- **"सुशासनयुक्त जलजला, नागरिकमैत्री सेवा "**अभियान सञ्चालन गरी स्थानीय शासनप्रति नागरिकको विश्वास अभिवृद्धि गरिनेछ।
- गाउँपालिकाका सेवा तथा सूचनाहरूलाई क्रमशः डिजिटल माध्यमबाट उपलब्ध गराउँदै ई-गर्भेनेन्सको धारणालाई अभिलम्बन गरिनेछ ।
- सार्वजनिक सेवामा सूचना प्रविधिको प्रयोग बढाई अनलाइन सेवा, डिजिटल अभिलेखीकरण तथा विद्युतीय सूचना व्यवस्थापन प्रणालीलाई सुदृढ गरिनेछ।
- नागरिक बडापत्रलाई समयानुकूल परिमार्जन गरी प्रभावकारी कार्यान्वयन गरिनेछ तथा सेवा प्रवाहको नियमित अनुगमन गरिनेछ।

- सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण तथा नागरिक संवाद कार्यक्रमलाई नियमित र प्रभावकारी बनाइनेछ।
- सेवा प्रवाहमा पारदर्शिता, निष्पक्षता तथा उत्तरदायित्व कायम गर्न गुनासो व्यवस्थापन प्रणालीलाई थप प्रभावकारी बनाइनेछ।
- सार्वजनिक सम्पत्तिको अभिलेख व्यवस्थापन र सार्वजनिक खरिदलाइ पारदर्शी र जवाफदेही बनाउन **PAMS V2** को प्रभावकारी रुपमा संचालन गरिनेछ । सवारी साधनको इन्धन र मर्मतलाई व्यवस्थित गर्न इन्धन र मर्मत खर्च सम्बन्धी मापदण्डको कार्यान्वयनलाई निरन्तरता दिईने छ।
- त्रैमासिक रूपमा आन्तरिक लेखापरिक्षण सम्पन्न गरी आर्थिक कारोबारमा देखिएका अनियमित र बेरूजुहरूलाई अन्तिम लेखा परिक्षण हुनु अगावै फर्छ्यौट गरिनेछ ।
- गाउँपालिकाका सबै वडा तथा शाखाहरूमा अभिलेख व्यवस्थापन, सूचना व्यवस्थापन तथा कार्यालय व्यवस्थापन प्रणालीलाई आधुनिक बनाइनेछ।
- सेवा प्रवाहको गुणस्तर मापन गर्न नागरिक सन्तुष्टि सर्वेक्षण तथा सेवा मूल्याङ्कन प्रणाली लागू गरिनेछ।
- सार्वजनिक खरिद, आर्थिक प्रशासन तथा विकास निर्माणका कार्यहरूलाई पारदर्शी, प्रतिस्पर्धी तथा कानुनसम्मत बनाइनेछ।

**ख. गाउँपालिका सचिवालयः**

- लक्षित वर्गका नागरिकलाई निःशुल्क एम्बुलेन्स सेवा निरन्तरता दिइनेछ ।
- **"भरपर्दो एम्बुलेन्स, सुरक्षित यात्रा "**अभियान अन्तर्गत एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ को प्रभावकारी कार्यान्वयन गरिनेछ।
- अति विपन्न नागरिकले गाउँपालिकाको एम्बुलेन्स सेवा प्राप्त गर्न नसकेको अवस्थामा कार्यविधि अनुसार वैकल्पिक यातायात खर्च उपलब्ध गराइनेछ ।
- एम्बुलेन्स सञ्चालन कोषलाई सुदृढ गरी सेवाको दिगोपन सुनिश्चित गरिनेछ ।
- **"दक्ष जनशक्ति, गुणस्तरीय सेवा "**को अवधारणाअनुसार चालक तथा सम्बन्धित कर्मचारीहरूको क्षमता विकासका लागि नियमित तालिम सञ्चालन गरिनेछ।
- जीपीएस ट्र्याकिङ, आधुनिक सञ्चार प्रणाली तथा डिजिटल अभिलेख व्यवस्थापनको प्रयोगमार्फत एम्बुलेन्स सेवालाई थप प्रभावकारी र प्रविधिमैत्री बनाइनेछ।
- सेवा प्रवाहको नियमित अनुगमन, मूल्याङ्कन तथा सार्वजनिक प्रतिवेदन प्रणाली लागू गरिनेछ ।
- **"आपत्कालीन अवस्थामा तत्काल साथ "**भन्ने उद्देश्यका साथ गाउँपालिकाबाट सञ्चालित एम्बुलेन्स सेवालाई सर्वसुलभ, भरपर्दो, सुरक्षित तथा नागरिकमैत्री बनाइनेछ।

**ग. न्यायिक समितिः**

- जलजला गाउँपालिकाभित्र रहेका आमा समूह, महिला समूह, युवा क्लब, बाल क्लब, टोल विकास संस्था लगायतका अन्य सामाजिक संघसंस्था एवम् वस्तीस्तरबाट प्रतिनिधित्व हुने गरी समुदायसँग न्यायिक समिति कानूनी सचेतना कार्यक्रम संचालन गरिनेछ ।
- सामाजिक न्यायको पहुँच नपुगेका, कानूनी ज्ञान अभाव भएका व्यक्तिहरुलाई पहिचान गरी कानूनी मूलधारमा ल्याउन आवश्यक कानूनी साक्षरता कार्यक्रम गरिनेछ ।

- अन्याय र समस्यामा परेका व्यक्तिहरुलाई न्यायिक समिति समक्ष निवेदन/उजुरी दिन प्रोत्साहन गरी रितपूर्वक कानूनी ढाँचाको निवेदन एवं लिखित जवाफ लेखन कार्यमा सहयोग पुर्याईनेछ ।
- कानूनसँग सम्बन्धित कार्यालय तथा निकायसंग समन्वय र सहकार्य गरी कानूनी बिषय विज्ञ उपलब्ध गराई ऐन कानूनी परामर्श, छलफल, अन्तर्क्रिया, गोष्ठि र तालिमको व्यवस्था गरिनेछ ।
- सूचीकृत मेलमिलापकर्ताहरुको शिप र क्षमता अभिवृध्दि गर्न पक्ष मेलमिलाप लेखनकला तालिम, पुनर्ताजगी तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- मेलमिलापकर्ता, न्यायिक समितिका पदाधिकारी तथा सम्बधित कर्मचारीको लागि क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिनेछ, साथै न्यायिक क्षेत्रमा विशिष्ट नमूना कार्य भएका पालिका/न्यायिक समिति छनोट गरी अध्ययन अवलोकन भ्रमणको व्यवस्था मिलाईनेछ ।
- वडागत मेलमिलाप केन्द्रका मेलमिलापकर्ताहरुको जिम्मेवारी र भूमिकालाई प्रभावकारी बनाउन थप भौतिक पूर्वाधार व्यवस्थापन गरिनेछ । जलजला गाउँपालिकाको कार्यालयमा मेलमिलाप केन्द्र बनाई न्यायमा समान सहज पहुँच पुर्याईनेछ ।
- विवादित पक्षहरुलाई मेलमिलापको माध्यमबाट विवाद समाधान गर्न प्रोत्साहन गरी दुबै पक्षलाई जीत-जीत/प्राप्ति-प्राप्ति सु-निश्चित हुने वातावरण सृजना गराईनेछ ।

### घ. उद्यमः

- **"उद्यमशीलता प्रवर्द्धन, आत्मनिर्भर अर्थतन्त्र निर्माण"** कार्यक्रम अन्तर्गत वृद्धिमुखी उद्यमशीलता कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ। स्थानीय उत्पादनको बजारीकरणका लागि हाटबजार तथा घुम्ती बजार सञ्चालन गरी अन्तरपालिका बजारसँग जोडिने व्यवस्था गरिनेछ।
- **"उद्यमीको उत्साह, समृद्धिको आधार"** कार्यक्रम अन्तर्गत उद्यमीहरूको मनोबल अभिवृद्धि गर्न प्रदान गरिँदै आएको रु. १ लाख मूलपुँजी सहयोगलाई क्रमशः वृद्धि गर्दै लगिनेछ।
- **"सीप सिकौं, स्वरोजगार बनौं"** अभियान सञ्चालन गरी सीपमूलक तालिमलाई उद्यम तथा रोजगारसँग आबद्ध गरिनेछ।
- **"जलजलामा उत्पादन, देशभर पहिचान"** अभियानमार्फत स्थानीय उत्पादनको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गरिनेछ।
- लघु, घरेलु तथा साना उद्योगहरूको संरक्षण, विस्तार र आधुनिकीकरणका लागि आवश्यक सहजीकरण तथा प्राविधिक सहयोग उपलब्ध गराइनेछ।

### ङ. रोजगार/सुरक्षीत आप्रवास कार्यक्रमः

- स्थानीय तहभित्र रहेका बेरोजगार व्यक्तिको तथ्यांक संकलन तथा विश्लेषण गरी बेरोजगारको सूची अद्यावधिक गरिनेछ ।

- वेरोजगार व्यक्तिहरुका लागि स्वरोजगार प्रवर्धन गर्न श्रम बजारलाई आवश्यक पर्ने श्रमिकहरुको सर्वेक्षण, रोजगारीका लागि सीपको विकास, परामर्श, सूचना तथा जानकारीलगायतका सहयोग उपलव्ध गराइनेछ ।
- स्थानीय तहभित्र उपलब्ध रोजगारीका अवसरहरुको पहिचान गरी सोको सूचना प्रवाह गरिनेछ ।
- रोजगारी सिर्जनामा निजी, सहकारी तथा सामुदायिक क्षेत्रसँग सहकार्य गरिनेछ ।
- वैदेशिक रोजगारमा संलग्न तथा फर्केका कामदार र तिनका परिवारलाई हकहित पर्वद्धन सम्बन्धि बिशेष कार्यक्रम तर्जुमा गरि कार्यान्वयन गरिनेछ ।
- योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीलाई सुदृढ गरी सामाजिक सुरक्षालाई दिगो बनाइ सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गराउन आवश्यक पहल गरिनेछ ।
- सुरक्षित आप्रवासन कार्यक्रमलाई संस्थागत गर्दै लगिनेछ।
- वैदेशिक रोजगारी तथा अन्य कारणले उत्पन्न मानसिक स्वास्थ्यको समस्यालाइ न्यूनीकरण मनोसामाजिक परामर्श तथा मानसिक स्वास्थ्य प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।
- संघ तथा प्रदेश सरकारसँगको समन्वय तथा लागत साझेदारीमा सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना प्रवाह, सीप अभिवृद्धि, मनोसामाजिक परामर्श र वित्तीय साक्षरता लगायतका सेवाहरु प्रवाह गरीनेछ ।

## ६. सूचना संचार तथा प्रबिधि र सामाजिक सुरक्षा तथा पञ्जीकरणः

- गाउँपालिकाको प्रशासनिक, वित्तीय तथा सेवा प्रवाह प्रणालीलाई क्रमशः पूर्ण रूपमा डिजिटल बनाउँदै **Paperless Office** अवधारणालाई कार्यान्वयन गरिनेछ।
- विद्युतीय हाजिरी तथा डिजिटल अभिलेख व्यवस्थापन तथा कार्यालय स्वचालन प्रणालीलाई थप प्रभावकारी बनाइनेछ।
- नागरिकलाई सहज, छिटोछरितो र गुणस्तरीय सेवा उपलब्ध गराउन गाउँपालिकामा एकद्वार सेवा प्रवाह प्रणाली - **One Stop Service Delivery System** को विस्तार गरिनेछ ।
- गाउँपालिकाको वेबसाइट, मोबाइलमैत्री सूचना प्रणाली तथा डिजिटल सूचना पाटीमार्फत सार्वजनिक सूचना र सेवाको पहुँच विस्तार गरिनेछ।
- "विकासका उपलब्धि, इतिहासका अभिलेख" कार्यक्रम अन्तर्गत गाउँपालिकामार्फत सम्पन्न भएका महत्वपूर्ण विकास गतिविधिहरूको दस्तावेजीकरण गरी अभिलेख पुस्तक, ब्रोसर, फोटो, भिडियो तथा अन्य प्रचार सामग्री प्रकाशन गरिनेछ।
- कर्मचारी तथा जनप्रतिनिधा लागि डिजिटल साक्षरता, कृत्रिम बुद्धिमत्ता (**AI**) तथा साइबर सुरक्षा सम्बन्धी क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।
- विद्यालय शिक्षालाई सूचना प्रविधिमैत्री बनाउन कम्प्युटर प्रयोगशाला, स्मार्ट कक्षा तथा डिजिटल सिकाइ सामग्रीको विस्तारमा सहकार्य गरिनेछ।

- **"सूचना र पर्यटनको साझा केन्द्र, जलजलाको प्रवेशद्वार"** कार्यक्रम अन्तर्गत गाउँपालिकाको प्रवेशद्वारमा निर्माणाधीन चिस्यान केन्द्रसँगै आधुनिक सूचना केन्द्र स्थापना गरिनेछ, जहाँ पर्यटकीय, कृषि, धार्मिक तथा सांस्कृतिक सम्पदासम्बन्धी जानकारी ब्रोसर तथा डिजिटल माध्यमबाट उपलब्ध गराइनेछ।
- मुलुकको जनसंख्याको आकार र संरचनामा प्रत्यक्ष प्रभाव पार्न र त्यस्ता व्यक्तिगत घटनाहरु घटेको कानुनले तोकेको समय भित्रै पुर्ण रुपमा दर्ता गराई घटना दर्ताको पुर्णता हासिल गर्न आवश्यक देखिएकोले व्यक्तिगत घटना दर्ताको पुर्णता मापन तथा घोषणा गरिनेछ।
- **Biometric Verification** का माध्यमबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको पहिचान गरि सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई थप प्रभावकारी बनाउनको लागि **Iris Scanner** डिभाइस खरिद गरिने छ।
- सामाजिक सुरक्षा भत्ता नविकरण तथा घटनादर्ता सहजिकरणमा खटिनेहुने वडा पञ्जीकरण अधिकारीहरुलाई क्षमता विकास कार्यक्रम संचालन गरिने छ ।

## ७. रुपान्तरणीय सामाजिक परिचालनद्वारा वडा विकास कार्यक्रमः

- **"संगठित समुदाय, परिणाममुखी विकासः समृद्ध वडाको सुनिश्चित आधार" भन्ने नारा सहित** संगठन, बचत, सीप, पूँजी तथा प्रविधिमा आधारित कार्यक्रम मार्फत आयआर्जनमा बृद्धि गरी जनताको जीवनस्तरमा गुणात्मक सुधार ल्याईनेछ ।
- **"सहुलियत ऋण, उद्यमको आधार - आत्मनिर्भर भविष्य पारौ साकार"** भन्ने मुल नारा सहित न्यून पुँजी र ब्यवसायिक सोच भएका कृषक तथा उद्धमी र वैदेशिक रोजगारी गुमाई फर्केका युवा उद्यमीहरुलाई ब्यवसायिक सुरुवात वा प्रवर्धन गर्न सहुलियत ब्याजदरको घुम्तीकोषलाई निरन्तरता दिईनेछ ।
- टोल विकास संस्थालाई वडा विकास कार्यक्रमको केन्द्रमा राखी समुदायका समस्या र आवश्यकतामा केन्द्रित कार्यक्रमहरुमा जोड दिई उचित बजेटको प्रबन्ध गरिनेछ ।
- **"आर्थिक, सामाजिक, सांस्कृतिक र नैतिक रूपान्तरणको मेरुदण्ड : वडा विकास कार्यक्रम"** भन्ने नारा सहित समुदाय सशक्तिकरण कार्यक्रमलाई जोड दिईनेछ ।
- शहरी क्षेत्रमा सञ्चालित टोल विकास संस्थाहरुको लागि फोहोरमैला ब्यवस्थापत, ढल निकास र कौशीखेती जस्ता कार्यक्रम सञ्चालनमा जोड दिईनेछ ।
- **"सहयोगी हात, जिम्मेवारी साथः टोल वडा र पालिका एकै काँध"** भन्ने नारा सहित टोल विकास संस्थालाई वडा कार्यालय तथा गाउँपालिकाको प्रतिस्पर्धी नभई सहयोगी संस्थाको रुपमा अगाडि बढाइनेछ ।
- टोल विकास संस्थामा आवद्ध हुन छुटेका घरधुरीलाई समाहित गर्न उचित प्रबन्ध गरिनेछ ।
- आर्थिक तथा सामाजिक विकासको बाधकको रुपमा रहेका विभेद, पछौटेपन, सामाजिक कुरीतिहरुलाई निर्मुल गरी समतामुलक समाज निर्माणमा जोड दिईनेछ ।
- **"सक्षम टोल विकास संस्था, दिगो पूर्वाधार निर्माण हाम्रो प्रतिबद्धता"** भन्ने नाराका साथ टोल विकास संस्थाको संस्थागत क्षमता अभिवृद्धि गर्नुका साथै भौतिक पूर्वाधारका काममा समेत अग्रसर गराईनेछ ।
- टोल विकास संस्था लक्षित अन्तरशाखागत योजना तथा कार्यक्रमलाई एकीकृत रुपमा सञ्चालन गर्न जोड दिईनेछ ।

- वडा विकास सहजकर्ता तथा बालमैत्री सहजकर्ताको कार्यबोझ र कार्यजिम्मेवारीको आधारमा समयानुकुल तलब, भत्ता तथा अन्य सुविधालाई पुनरावलोकन गरिनेछ ।

## ८. बालमैत्री निति तथा कार्यक्रमः

- ***'समुन्नत जलजला, सुरक्षित बालबालिका र बालमैत्री समाज निर्माण"*** भन्ने दीर्घकालीन लक्ष्यसहित बालमैत्री स्थानीय शासनका सबै सूचकहरू पूरा गरी दिगो, समावेशी र उत्तरदायी बालमैत्री गाउँपालिका निर्माणको लागि उचित योजना तथा कार्यक्रम सञ्चालनमा जोड दिईनेछ ।
- बाल अधिकार, बाल संरक्षण, बाल सहभागिता र बाल विकासलाई मूलप्रवाहीकरण गर्दै गाउँपालिकाका सबै नीति, योजना, बजेट तथा कार्यक्रमहरूमा बालमैत्री दृष्टिकोण अवलम्बन गरिनेछ।
- ***"बाल अधिकारको रक्षा, शून्य सहनशीलता हाम्रो प्रतिबद्धता"*** भन्ने मुल नारा सहित बाल विवाह, बाल श्रम, बाल हिंसा, दुर्व्यवहार र ओसारपसार विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन सञ्चालन गरिनेछ।
- प्रत्येक वडामा बाल क्लब, किशोरकिशोरी समूह, बाल संरक्षण समिति तथा बालमैत्री संरचनाहरूलाई सुदृढ र सक्रिय बनाउँदै बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ।
- सडक बालबालिका शून्य बनाउने अभियान सञ्चालन गरिनेछ।
- ***"सीपयुक्त शिक्षा, सुरक्षित वातावरण सुन्दर ' भविष्यको सुनौलो प्रस्थान"*** भन्ने मुलनारा सहित बालबालिकाको सर्वाङ्गीण विकासमा जोड दिइनेछ।
- पूर्ण खोप, पोषण सुधार, किशोरकिशोरी स्वास्थ्य, मानसिक स्वास्थ्य, सरसफाइ तथा सुरक्षित खानेपानीमा पहुँच विस्तार गरिनेछ।
- बाल अधिकारसँग सम्बन्धित सेवा प्रवाहलाई सहज, पहुँचयोग्य र प्रभावकारी बनाउँदै लगिनेछ।
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन योजनामा बालबालिकाको आवश्यकता र संवेदनशीलतालाई समावेश गर्दै बालमैत्री विपद् व्यवस्थापन प्रणाली विकास गरिनेछ।
- टोल विकास संस्था, महिला समूह, युवा क्लब, विद्यालय व्यवस्थापन समिति, अभिभावक तथा समुदायको सक्रिय सहभागितामा बालमैत्री अभियान सञ्चालन गरिनेछ।
- ***"सबैका लागि समान पहुँच, समावेशी विकासको स्पष्ट लक्ष्य"*** भन्ने नारा सहित लमैत्री तथा अपाङ्गमैत्री सार्वजनिक पूर्वाधार, खेलमैदान र बाल उद्यान सहितको सिकाई स्रोत केन्द्र निर्माणलाई प्राथमिकता राखी काम अगाडि बढाईनेछ ।
- बालमैत्री स्थानीय शासनका सूचकहरूको नियमित अनुगमन, मूल्याङ्कन, तथ्याङ्क व्यवस्थापन तथा प्रमाण सङ्कलनलाई व्यवस्थित गर्दै वडा तथा पालिकाको प्रगति मापन गरिनेछ।
- बालमैत्री स्थानीय शासनलाई गाउँपालिकाको उच्च प्राथमिकतामा राखी आवश्यक नीति, योजना, संरचना, जनशक्ति तथा स्रोत साधनको सुनिश्चितता गर्दै तोकिएको मितिमा बालमैत्री वडा तथा पालिका घोषणाको लागि उचित बजेट व्यवस्था गरिनेछ।

## ८. सहकार्य तथा समन्वय :

- संघ, प्रदेश तथा स्थानीय सरकारबीचको सम्बन्धलाई संविधान, प्रचलित कानून तथा संघीयताको सिद्धान्त अनुरूप पारदर्शी, उत्तरदायी, सहभागितामूलक र सहकार्यात्मक बनाइनेछ।
- **"जहाँ रहे पनि जलजलासँग जोडिने सम्बन्ध"** अभियान अन्तर्गत बृहत्तर गाउँ विकास कार्यक्रम अन्तर्गत अध्ययन, रोजगारी तथा अन्य कारणले गाउँपालिकाबाहिर बसोबास गरिरहेका नागरिक र स्थानीय समाजबीच अन्तरक्रिया तथा छलफल कार्यक्रम सञ्चालन गरी विकास अभियानमा सहभागी गराइनेछ।
- संघ, प्रदेश तथा स्थानीय तहका साझा अधिकार तथा कार्यक्षेत्र सम्बन्धी विषयमा नियमित संवाद, छलफल तथा समन्वयात्मक संयन्त्रमार्फत स्पष्टता कायम गर्न पहल गरिनेछ।
- विपद् व्यवस्थापन, स्वास्थ्य संकट, जलवायु परिवर्तन, प्राकृतिक स्रोत संरक्षण तथा अन्य साझा चुनौतीहरूको प्रभावकारी व्यवस्थापनका लागि अन्तरपालिका साझेदारी तथा समन्वयका कार्यक्रमहरु संचालन गरिनेछ ।
- दोहोरो अधिकार तथा साझा जिम्मेवारी रहेका क्षेत्रहरूमा आपसी समझदारी, सहमति र कार्य विभाजनका आधारमा कार्यक्रम तथा गतिविधि सञ्चालन गरिनेछ।
- नीति, योजना तथा कार्यक्रम तर्जुमा, बजेट व्यवस्थापन, परियोजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका क्षेत्रमा संघ, प्रदेश सरकार, जिल्ला समन्वय समिति तथा छिमेकी स्थानीय तहहरूसँग नियमित समन्वय र सहकार्य गरिनेछ।
- अन्तरपालिका तथा अन्तरजिल्ला महत्वका पूर्वाधार, पर्यटन, कृषि, वातावरण संरक्षण तथा आर्थिक विकाससँग सम्बन्धित परियोजनाहरूमा साझा लगानी, संयुक्त कार्यान्वयन तथा संयुक्त अनुगमन प्रणालीलाई प्रोत्साहन गरिनेछ।
- नियमित अन्तरसरकारी बैठक, संयुक्त समीक्षा, विषयगत समिति तथा समन्वय संयन्त्रमार्फत विकास कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गरिनेछ।
- विकास साझेदार संस्था, गैरसरकारी संस्था, निजी क्षेत्र, सहकारी तथा सामुदायिक संस्थाहरूसँग साझेदारी र समन्वय विस्तार गरी स्थानीय विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- सूचना तथा तथ्याङ्क आदानप्रदान, डिजिटल समन्वय प्रणाली तथा प्रविधिमैत्री प्रशासनिक अभ्यासलाई प्रवर्द्धन गरी सेवा प्रवाहलाई थप प्रभावकारी बनाइनेछ।
- दिगो विकास लक्ष्य- SDGs, राष्ट्रिय तथा प्रादेशिक प्राथमिकतासँग स्थानीय विकास कार्यक्रमहरूको तादात्म्यता कायम गर्न सम्बन्धित निकायहरूसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ।

## ९. विविधः

- मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रबर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ ।

- स्थानीय आपतकालिन कार्य सञ्चालन केन्द्रलाई सक्रिय बनाई प्रभावकारी मनसुन प्रतिकार्यको लागी नगर प्रहरीलाई परिचालन गरिनेछ ।
- पालिकाभित्र रहेका सरकारी, सार्वजनिक र सामुदायिक तथा ऐलानी जग्गालाई संरक्षण, सम्वर्धन र प्रवर्धन गरी सामुदायिक कार्यको लागि प्रयोगमा ल्याउने नीति अवलम्बन गरिनेछ ।

गाउँ सभा सदस्यहरु तथा उपस्थित सम्पूर्ण महानुभावहरु,

यस गाउँपालिकाको वार्षिक नीति र कार्यक्रमहरु तर्जुमा एवं गाउँसभाको तयारीको क्रममा विभिन्न चरणमा आफ्नो अमूल्य सुझाव र सहयोग सहित सहभागी हुनु भएका उपाध्यक्ष, गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत, वडाध्यक्षहरु गाउँकार्यपालिकाका सदस्यहरु, गाँउसभा सदस्यहरु, विषयगत समितिका संयोजक तथा सदस्यहरु सम्पूर्ण कर्मचारीहरु, शिक्षक, जनसमुदायहरु, राजनितिक दलका प्रतिनिधिहरु, नागरिक समाज, पत्रकार मित्रहरु, सुरक्षाकर्मी लगायत अन्य सम्पूर्ण सरोकारवालाहरुमा समेत हार्दिक आभार व्यक्त गर्न चाहन्छु । निति तथा कार्यक्रम तर्जुमा देखी आजको यस घोषणा समारोहलाई सफलता पूर्वक सम्पन्न गर्ने समयसम्म गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरु तथा पदाधिकारीहरुले पुराउनुभएको योगदानको उच्च मुल्यांकन गर्दै हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

अन्त्यमा, यस गाउँ सभामा प्रस्तुत भएका नीति तथा कार्यक्रम माथी छलफल गरी यहाँहरुवाट प्राप्तहुने महत्वपूर्ण सुझाव र सल्लाहलाई आत्मसाथ गर्ने वाचा गर्दै यहाँहरु सवैको सहयोगको अपेक्षाका साथ विदा हुने अनुमति चाहन्छु । धन्यवाद,

मिति: २०८३।०३।१०

राजु प्रसाद आचार्य
अध्यक्ष